प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०१५ ॥ २०८२ फागुन ०२ गते शनिबार (14th Feb 2026 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

## झापाका एक दर्जनबढी उम्मेदवारविरुद्ध उजुरी

झापा, फागुन १ । निर्वाचन आचारसंहिता उल्लंघन गर्ने झापाका एक दर्जनभन्दा बढी उम्मेदवारविरुद्ध उजुरी परेको छ । निर्वाचन आयोगले प्रतिवन्ध लगाएको कार्य गर्ने १३ जना उम्मेदवारविरुद्ध उजुरी परेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । दश जनामाथि मौखिक र तीनजनामाथि लिखित उजुरी परेको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले बताए । मौखिक र लिखित दुवै उजुरीउपर कार्वाही अघि बढाइएको उनले जानकारी दिए । जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले फागुन ३ गतेदेखि जिल्लाभर मतदाता शिक्षा कार्यक्रम सुरु गरिने जानकारी दिए ।

मतदान प्रक्रियालाई सरल बनाउने, मत बदर हुने अवस्था घटाउने र मतदातालाई सचेत गराउने लक्ष्यसहित निर्वाचन आयोगले फागुन ३ देखि १७ गतेसम्म देशभर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दैछ । सोही कार्यक्रमअन्तर्गत झापाका १३१ वटै वडामा अभियान सञ्चालन गरिने उनको भनाई छ । अपेक्षा रहेको उनले बताए ।

आम नागरिकलाई मतदान प्रक्रियाप्रति सचेत बनाउने उद्देश्यसहित कार्यक्रम अगाडि बढाइएको जनाइएको छ ।

कार्यक्रममा मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेल, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले निर्वाचनको पारदर्शिता र मतदाता शिक्षाको आवश्यकताबारे आ-आफ्नो धारणा राखेका थिए ।



भद्रपुरमा आयोजित 'निर्वाचन आचारसंहिता तथा मतदाता शिक्षा' विषयक कार्यक्रममा बोल्दै प्रसाईंले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित निर्वाचन सुनिश्चित गर्न आचारसंहिता लागू गरिएको बताए ।

यसैबीच यही २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सुव्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले झापामा विशेष मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने भएको छ ।

कार्यक्रममा सञ्चारकर्मीलाई जानकारी गराउँदै प्रत्येक वडामा एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिने र उनीहरूले मतदाताको घरघर तथा बस्तीमा पुगेर नमूना मतपत्र प्रयोगमार्फत मतदान प्रक्रिया, मताधिकारको महत्व र निर्वाचनको उद्देश्यबारे जानकारी गराउने कार्यलय प्रमुख नेपालको भनाई छ ।

मतदाता शिक्षाले निर्वाचनमा जनसहभागिता अभिवृद्धि गर्नुका साथै बदर मतको अनुपात घटाउन उल्लेखनीय योगदान पुग्ने कार्यालयको नेपाल पत्रकार महासंघ झापाका सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बसुन्धरा खड्का, चारआलीस्थित नेपाली सेनाको अरिदमन गणका प्रमुख सेनानी सरोज थापा, सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण हेडक्वाटर झापाका प्रमुख अम्बिकाप्रसाद जोशी तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका प्रमुख उमेश पाण्डेलगायतको आतिथ्य रहेको थियो ।

## ४२ ग्राम ब्राउन सुगरसहित कमलका दुई युवा पक्राउ

झापा, फागुन १ । भारतबाट भारी मात्रामा लागूऔषध ल्याउँदै गरेको अबस्थामा गौरीगंजमा दुईजना युवा पक्राउ परेका छन् । शुक्रवार दिउँसो १;४५ बजे गौरीगंज- २ आँपगाछीमा दक्षिण आँपगाछीबाट उत्तर बाहुनटोलतर्फ आउँदै गरेको मे१०प ८४३२ नम्वरको स्कुटीलाई गोप्य सूचनाको आधारमा प्रहरी चौकी कोरोबारीबाट खटिएको प्रहरी सहायक निरीक्षक कैलाशकुमार मण्डलको कमाण्डमा खटिएको टोलीले चेकजाँच गरेको



थियो । त्यसक्रममा स्कुटी पछाडी सवार कमल ५ बस्ने वर्ष अन्दाजी ४० का सूर्यबहादुर वि.क.को साथबाट प्लाष्टिकसहित ४७ ग्राम ९५० मिलिग्राम र प्लाष्टिकबाहेक ४२ ग्राम ८१० मिलिग्राम ब्राउन सुगर बरामद भएको थियो । सो लागूऔषध र स्कुटीसहित स्कुटी चालक कमल ५ बस्ने वर्ष २२ का संजोक राईलाई समेत नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौरीगंजमा ल्याई राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## बिर्तामोडमा लागूऔषधसहित चारजना पक्राउ

झापा, फागुन १ । झापाको बिर्तामोडमा लागूऔषधसहित चारजना पक्राउ परेका छन् ।



शुक्रवार दिउँसो २;३० बजे बिर्तामोड नगरपालिका वडा नम्बर २ कछुबारी बस्ने गोबिन्द बस्नेतको घरमा लागूऔषधको कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोड र लागूऔषध ब्युरो काँकडभिट्टाको संयुक्त टोलीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा बिर्तामोड वडा न. ९ बस्ने बर्ष ४२ का तिलक बुढाथोकी , वडा न. २ कछुबारी बस्ने बर्ष ४२ का गोबिन्द वस्नेत , वडा नं ३ बस्ने बर्ष ५२ का टंक गिरी र वडा नं ४ बस्ने बर्ष २८ का उदय साह रहेका छन् ।

उनीहरुको साथबाट प्लाष्टिकसहित ११ ) ग्राम ४६० मिलिग्राम र प्लाष्टिक बाहेक ८ ग्राम ४४० मिलिग्राम ब्राउन सुगर , ३ वटा स्क्रिनटच मोवाइल, नगद रु ६ हजार र २५ हजारको काटेको चेक बरामद भएको छ । लागूऔषधसहित उनीहरुलाई इप्रका बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## चन्द्रगढी विमानस्थलमा सेना परिचालन

झापा, फागुन १ । निर्वाचनको 'इपिसेन्टर' बनेको झापामा देशकै नेता र उम्मेदवारहरु केन्द्रीकृत भएपछि आउजाउ गरिने चन्द्रगढी विमानस्थलको सुरक्षा व्यवस्था कडा पारिएको छ । सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी भद्रपुर ८ स्थित चन्द्रगढी



विमानस्थलमा बिहीवारदेखि नेपाली सेना परिचालन गरिएको छ । विमानस्थलको टर्मिनलबाहिर सुरक्षा दिने गरी अरिदमन गण चारआलीका मेजरको कमाण्डमा सेनाको एउटा नफ्री तैनाथ गरिएको हो । हाललाई २५ जनाको फौज विमानस्थलमा खटाएको जनाइएको छ । बिहीवारदेखि विमानस्थलको पेरिमिटर बाहिर सेनाले सुरक्षाको जिम्मा लिएको चन्द्रगढी नागरिक उड्डयन कार्यालयका प्रमुख किशोरकुमार खत्रीले बताए । उनले पेरिमिटरभित्रको सुरक्षा विमानस्थलको सुरक्षागार्डले गर्ने र बाहिरको सुरक्षा सेनाले हेर्ने जानकारी दिए । चन्द्रगढी विमानस्थलमा प्रहरी नायव निरीक्षकको कमाण्डमा २५ जना प्रहरी विमानस्थलको सुरक्षागार्डको रुपमा खटिएका छन् ।

निर्वाचन नजिकिदै गर्दा काठमाडौंबाट हवाई मार्ग हुँदै चन्द्रगढी विमानस्थलमा अवतरण गर्ने र सोही विमानस्थल हुँदै फर्किने राजनीतिक व्यक्तिहरुको संख्या बढ्दै गएको छ । झापा ५ मा उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली केही दिनभित्र चन्द्रगढी विमानस्थल हुँदै दुईपटक आएका थिए भने एकपटक काठमाडौ फर्किएका थिए । त्यस्तै ओलीका प्रतिष्पर्धी राष्ट्रिय सवतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह( बालेन) एकपटक चन्द्रगढी बिमानस्थल हुँदै आएका थिए ।

त्यस्तै झापा ३ मा उम्मेदवार बनेका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन , उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ , इलाम २ का उम्मेदवार सुहाङ नेम्बाङ ,एमालेकी केन्द्रीय सदस्य रामकुमारी झाक्रीले पनि सोही विमानस्थल प्रयोग गरेका छन् । करिव चार महिना दमक -९ स्थित मिनी दरवारमा बसेका पूर्वराजा ज्ञानेन्द्र शाह र उनका परिवारका सदस्यहरु पनि सोही विमानस्थल हुँदै राजधानी ओहोरदोहोर गरिरहन्छन् ।

सुरक्षा संवेदनशीलतालाई हेरेर सतर्कता अपनाइएको कार्यालय प्रमुख खत्रीले बताए । झापाका उम्मेदवारहरुले मात्र होइन , इलाम , पाँचथर र ताप्लेजुङका उम्मेदवार हरुले समेत सोही विमानस्थल प्रयोग गर्छन् ।

दैनिक १८ सयको हाराहारीमा यात्रुहरु आउजाउ गर्ने चन्द्रगढी विमानस्थल देशकै सातौं ठूलो विमानस्थल मानिन्छ । त्यहाँ दैनिक १३ वटा विमानले उडान भर्ने गरेका छन् ।

## 'सुकुम्बासीका नाममा कहिलेसम्म राजनीति ?'

• **लक्ष्मी उप्रेती**

मेचीनगर । झापा मेचीनगर –६ हाटखोलाकी फूलमाया तामाङ्ले यसअघि भएका थुप्रै निर्वाचनमा मतदान गरिन् । निर्वाचनअघि मत माग्दैं उनका घरमा राजनीतिक दल र स्वतन्त्रका थुप्रै उम्मेद्वार पुग्थे । ती उम्मेद्वारहरुसँग फूलमायाले गर्ने एउटै प्रश्न हो, ' हामी कहिलेसम्म सुकुम्बासी बन्नुपर्ने हो, हाम्रो जग्गाको जग्गाधनी प्रमाण पूर्जा कहिले आउँछ ? जवाफमा दलका नेता र उम्मेद्वारहरुले भन्थे 'यदि हाम्रो पार्टीको उम्मेद्वारलाई जिताउनु भयो भने जग्गाधनी प्रमाण पूर्जा प्राप्त गराउँछौ । किनकि सुकुम्बासी समस्या समाधान हाम्रो पार्टीको पहिलो प्राथमिकता हो ।'

उनले मतदान गरेका निक्कै उम्मेद्वार विजयी भए ,कति मन्त्री समेत बने । तीनै उम्मेद्वारले प्रतिनिधित्व गरेका राजनीतिक दलले पटकपटक सत्ता सम्हाले । तर, फूलमायाको उसवेला सुकुम्बासीबाट मालिक बन्ने सपना अहिलेसम्म अधूरै छ । फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेद्वारहरु मत माग्दैं अहिले उनको घरमा पुग्न थालेका छन् । उहिलेदेखि अहिलेसम्म उनले ती उम्मेद्वारहरुलाई भन्ने एउटै कुरा छ , 'सुकुमबासी समस्या समाधान कहिले हुन्छ ?' अनि ती उम्मेद्वार भन्छन्, 'हाम्रो प्रतिवद्धता र घोषणा पत्रमा त्यो त पहिलो नम्बरमै छ ।' हाटखोलामा फूलमायाजस्ता २५ परिवारभन्दा बढी सुकुम्बासी छन् । उनीहरुसँग चुनावका बेलामा भोट माग्न आउनेहरुले जग्गाधनी पूर्जाको आश्वासन दिन भुल्दैनन् । तर वर्षौं बित्दासमेत आश्वासन पूरा नभएको दुर्गाबहादुर बस्नेतको भनाई छ । 'चुनाव जितेपछि कोही नेता फर्केर आउँदैनन्' हाटखोलाका सुकुम्बासीको गुनासो हो यो ।

चार दशकदेखि बसोबास गरिरहेका स्थानीयसँग जग्गाधनी प्रमाण पूर्जा छैन । जसका कारण उनीहरुले थुप्रै समस्या बेहोर्नु परेको छ । हाटखोलाका मात्र होइन,मेचीडाँडाका सुकुम्बासीहरूले पनि वर्षौंसम्म नेताहरूबाट जग्गाधनी प्रमाण पूर्जा दिने आश्वासन पाए पनि समस्या समाधान नभएको गुनासो गरेका छन् । चुनावको बेला भोट माग्न आउने नेताहरू चुनाव जितेपछि फर्केर नआउने र सुकुम्बासीको अवस्था ज्यूँका त्यूँ रहेको उनीहरूको भनाइ छ । पूर्व प्रगति टोल विकास संस्था, गैरीगाउँ टोल विकास संस्था र नवज्योति टोल विकास संस्थामा आवद्ध थुप्रै मानिस अहिलेसम्म जग्गाधनी प्रमाण पूर्जाविहीन छन् । केही समयअघि यहाँका २६ जनाले जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरे पनि मेचीखोलामा नयाँ पूल निर्माण गर्दा चारजनाको जग्गा परेका कारण उचित मुआब्जा दिएर हटाइएको स्थानीय डिल्ली अधिकारीले बताए । बाँकी २२ जना र अन्यको अहिलेसम्म सुकुम्बासी भएरै बसेका छन् । भूमि समस्या समाधानका लागि पटक-पटक आयोग गठन भए पनि अधिकांश सुकुम्बासी अझै लालपुर्जा पाउनबाट वञ्चित भएको उनको भनाई छ । भूमि आयोगमा पटकपटक निवेदन दिएर धैरैपटक नापी पनि भयो, तर जग्गाधनी प्रमाण पूर्जा नपाएको सुकुम्बासीहरुको भनाई छ । अधिकारी भन्छन्, 'सरकारले हरेक पटक आयोग गठन गरेको सुनिन्छ । अब त केही होला कि भन्यो, अझै हुँदैन ।' चुनावताका सुकम्बासी बस्तीलाई विभिन्न राजनीतिक दल र अन्य स्वतन्त्र उम्मेद्वारहरुले भोट बैंक बनाउने र चुनावको परिणामसँगै उनीहरुले गरेको प्रतिवद्धता र घोषणा पत्रमा उल्लेख गरेका सवै कुरा विर्सने गरेर सुकुम्बासीमाथि राजनीति गर्ने गरेको अधिकारीको आरोप छ । धैरै वर्षदेखि जग्गाधनी प्रमाण पुर्जाका लागि धैरै प्रयास गरे पनि पाउन नसकेको उनको गुनासो अहिले पनि छ । जुनसुकै निर्वाचनको मुखमा भोट माग्न आउने नेता र पार्टीहरु आफूले चुनाव जित्नेबित्तिकै जग्गाधनी प्रमाण पूर्जा दिलाउने आश्वासन भने छाड्दैनन् । 'चुनाव नजित्दासम्म भोट माग्न आउने सबै दल तथा उम्मेदवारले चुनाव जित्नेबित्तिकै जग्गाधनी प्रमाण पूर्जा पाउने आश्वासन दिन्छन्,' विमला खत्रीले भनिन्, 'धैरै पटक आश्वासन पाएर भोट हालियो । तर हाम्रो समस्या समाधान गर्ने कोही भएनन् ।' सुकुम्बासीहरुलाई जमिन उपलब्ध गराउनुपर्ने राज्यको अनिवार्य कर्तव्यको आधारमा सरकारले राजनीतिक र सामाजिक न्याय दिलाउनु पर्दछ । वास्तविक सुकुम्बासीहरुको पहिचान गरी बसोबासको व्यवस्था मिलाउनु सरकारको जिम्मेवारी हो ।

फूलमाया, दुर्गा, डिल्ली र विमला जस्तै झापाका थुप्रै सुकुम्बासीको गुनासो पनि उस्तै छ । चुनावका बेलामा भोट माग्न आउनेहरुले जग्गाधनी पूर्जाको आश्वासन दिन भुल्दैनन् । तर वर्षौं बित्दासमेत कहिल्यै आश्वासन पूरा भएको छैन । 'सुकुम्बासीका भोट मागेर जिते, आफूहरुले कत्रा कत्रा घर बनाए हामीलाई जग्गाधनी पूर्जा दिएका छैनन् ' कुमार करुवा गुनासो गर्छन् । झापामा भूमिहीनको कथा व्यथा उस्तै छ । फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि अहिले गाउँ शहरमा उम्मेद्वार र कार्यकर्ता छिरिसके ।

नेताहरुलाई फागुन २१ गतेको निर्वाचन लागिरहँदा यहाँका सुकुम्बासी बस्तीका बासिन्दालाई आउने चुनावभन्दा पनि घरको चिन्ता छ । राजनीतिक दलका नेताहरुलाई चुनाव लागे पनि सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाण पूर्जाकै चिन्ता रहेको स्थानीयको भनाई छ । यतिखेर सवैतिर चुनावको चहलपहल शुरु भएपनि झापाका सुकुम्बासी बस्तीमा चुनावी रौनकले नछोएको उनीहरुको भनाई छ । मत माग्न आउँदा जग्गाधनी प्रमाण पूर्जा दिने, सुकुम्बासी समस्या समाधान गर्ने आश्वासन भने सबैले बाँड्ने गरेपनि यहाँका सुकुम्बासीहरुको वर्षौंदेखिको समस्या भने ज्यूँका त्यूँ छ । चुनावताका सुकुम्बासी समस्या समाधान पहिलो प्राथमिकता सवै दलको घोषणा पत्रमा उल्लेख हुने गरेको छ । पछिल्लो समय बनेको भूमि समस्या समाधान आयोगले झापा जिल्लाभरका सबै अव्यवस्थित, दलित सुकुम्वासी र अन्य सुकुम्वासीको तथ्यांक लिएर काम अघि बढाएको थियो । भदौ २३ र २४ गतेको प्रदर्शनपछि सवै काम ठप्प भएको थियो । नेपालको संविधान २०७२ ले नेपालका भूमिहीन तथा सुकुम्बासीलाई भूमि सम्बन्धी हकको व्यवस्था गरेको छ ।

कम्तीमा पनि हरेक नागरिकले बसोबासका लागि थोरै भए पनि जमिन पाउनुपर्ने, नभए सरकारले नै सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने हुन्छ । भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीको समस्या नेपालमा ज्यूँका त्यूँ छ । स्थानीय मतदाताहरुले सामुदायिक भवन निर्माण, खानेपानीको सुविधा र सुकुम्बासीको लालपुर्जा वितरण जस्ता समस्याको समाधान तत्काल गर्न माग गरेका छन् । चुनावको बेला मात्रै आश्वासन दिने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै सुकुम्बासी बस्तीका बासिन्दाले स्थायी समाधानको अपेक्षा गरेका छन् । झापा निर्वाचन क्षेत्र नम्बर १ का अधिकाँश उम्मेदवारहरुले सुकुम्बासी समस्या समाधानसंगै जंगली हात्तीको आतंक नियन्त्रण, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगारी पहिलो प्राथमिकता भएको बताउँदैं आएका छन् । उम्मेद्वारहरुले सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्याको स्थायी समाधान गर्न आआफ्नै दलको नेतृत्व आवश्यक रहेको बताउने गरेका छन् । सुकुम्बासीहरूले हाल प्राप्त गरेको निस्साका आधारमा जग्गाधनी प्रमाण पूर्जा वितरण गर्ने जिम्मेवारी आफ्नो दलले लिने दाबी समेत गरेका छन् ।

## चुनावको मुखमा पूर्वराजाको राजनीति !



झापा, फागुन १ । निर्वाचनलाई असर गर्ने गरी झापाबाट काठमाडौ फर्किएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजावादीहरुले भव्य स्वागत गरेका छन् । उनलाई स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राजावादी शक्ति र समर्थकहरूको ठूलो भीड लागेको थियो । उनलाई स्वागत गर्न राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालका संयोजक दुर्गा प्रसाई, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता कमल थापालगायतका समर्थकहरू विमानस्थलमा भेला भएका थिए । स्थानीय प्रशासनले विमानस्थलमा निषेधाज्ञा जारी गरेको भए पनि समर्थकहरुको भीड लागेको छ । विमानस्थल वरिपरि सुरक्षा व्यवस्था कडा पारिएको थियो ।

पूर्वराजा शाहलाई लिनको लागि झापा दमक -९ स्थित मिनी दरवारमा कैलाश एयरको हेलीकप्टर आएको थियो । बिहान ११:४३ बजे दमक -९, हिमालय महालक्ष्मी टी इस्टेटस्थित मिनी दरबारबाट शाहसहित ५ सदस्यीय टोली (चालक दलका सदस्य बाहेक) कैलाश एयरको हेलीकप्टरमार्फत काठमाडौं प्रस्थान गरेका थिए ।

(फोटो फिचर पृष्ठ ३ मा )

# एपिएफ भाग्यमानी सावित,झापाली निराश

बिर्तामोड, फागुन १ । टाइब्रेकरमा भाग्यमानी सावित हुँदै सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लब झापाको डोमालाल राजवंशी रंगशालामा जारी सातौं झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

एफिएफले आयोजकको टिम झापा-११ फुटबल क्लबलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो । एक गोलले पछि



परेको अवस्था उल्टाउँदै एपिएफले कमब्याक जित हासिल गरेको हो । जितसँगै एपिएफले कम्तिमा ७ लाख ५० हजार रुपैयाँ सुरक्षित गरेको छ ।

एपिएफका लागि सुमन श्रेष्ठ, दिपेश धिमाल, सन्तोष खत्री र समिराज थोकरले गोल गरेका थिए भने नविन लामाको प्रहार झापाका गोलकिपर सन्दिप लिम्बूले रोकेका थिए ।

झापाका तर्फबाट भने रोमन भुजेल र रोहन कार्कीले मात्र गोल गरेका थिए । नारायण क्षेत्री र गौरव धिमालको बल एपिएफका गोलकिपर एञ्जल श्रेष्ठले बचाएका थिए । खेलको ६१ औं मिनेटमा झापाले अग्रता लियो । नारायण क्षेत्रीको कर्नर प्रहारमा झापाका विदेशी खेलाडी रिचार्ड विल्सनले गोल गर्न सफल भए ।

झापाको अग्रता ६ मिनेट पनि टिक्न सकेन । एपिएफका स्ट्राइकर नविन लामाले ६७ औं मिनेटमा खेललाई बराबरीको अवस्थामा पुऱ्याए । लामाले डिबक्स बाहिरबाट गरेको प्रहार क्रस बारमा लाग्दै गोलमा परिणत भएको थियो । ३९ औं मिनेटमा रोहन कार्कीको प्रहार बारमा लागेर फर्किंदा खेलमा अग्रता लिने अवसरबाट बञ्चित भएको थियो । खेलको ५७ औं मिनेटमा झापाका रिचार्ड विल्सनको लङ रेञ्जर सट बारको केही माथिबाट बाहिरिएको थियो ।

एपिएफले ३० औं मिनेटमा अग्रता लिने अवसर गुमाएको थियो । दिपेश धिमालले पाएको सुन्दर अवसर खेर फालेका थिए ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम एपिएफका गोलकिपर एञ्जल श्रेष्ठ भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । शनिबार अन्तिम सेमिफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र मछिन्द्र फुबटल क्लबबीच हुनेछ ।

यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ ।

त्यस्तै, पहिलो दिनदेखि फाइनलसम्म टिकट लिएर खेल हेर्ने एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ ।

विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।

# 'उज्यालो अभियान' लिएर उम्मेदवार बेघा घरदैलोमा

झापा । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा देशभर चुनावी सरगर्मी चुलिँदो छ ।

यही माहोलबीच उज्यालो नेपाल पार्टीले आफूलाई नयाँ सोच र नयाँ पुस्ताको राजनीतिक विकल्पका रूपमा प्रस्तुत गर्दै चुनावी अभियान तीव्र पारेको छ।

पार्टीले देशभर १२१ जना उम्मेदवार उतार्दै परम्परागत राजनीतिबाट फरक धार र कार्यशैलीसहित जनतामाझ गएको दाबी गरेको छ । बिर्तामोडमा आयोजित पत्रकारसँगको अन्तरक्रिया कार्यक्रममा पार्टीका तर्फबाट झापा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा उम्मेदवार सीके बेघाले 'उज्यालो अभियान' मार्फत परिवर्तनको सन्देश बोकेर मैदानमा उत्रिएको बताए।

बेघाले आफ्नो दललाई 'ब्रान्डिङ पार्टी'को संज्ञा दिँदै स्पष्ट भिजन र कार्ययोजनासहित जनताको घरदैलोमा पुगेको उल्लेख गरे। १८ घण्टे लोडसेडिङ अन्त्य गर्न नेतृत्वदायी भूमिका खेलेका कुलमान घिसिङको नेतृत्वमा पार्टी अघि बढिरहेको उल्लेख गर्दै उनले ऊर्जा, सुशासन र प्रविधिमैत्री शासनलाई प्रमुख एजेन्डा बनाइएको बताए।

उनले पाँच दशकभन्दा बढी समय सत्तामा रहेका परम्परागत दलहरूले नागरिकका आधारभूत समस्या समाधान गर्न नसकेको आरोप लगाए।

"अब जनताले नारामा होइन, व्यवहारमा परिवर्तन खोजिरहेका छन्," बेघाले भने, "उज्यालो नेपाल पार्टी त्यही परिवर्तनको प्रतिनिधि हो।" घरदैलो अभियानका क्रममा मतदाताबाट सकारात्मक प्रतिक्रिया पाएको उनको दाबी छ।



बेघाका अनुसार जेन्जी नेतृत्वमा गठन भएको राष्ट्रिय परिवर्तन पार्टी र उज्यालो नेपाल पार्टीबीच एकीकरण भई संयुक्त रूपमा निर्वाचनमा सहभागी भएको हो। एकीकरणपछि उज्यालो नेपालबाट १०५ र राष्ट्रिय परिवर्तन पार्टीबाट १६ गरी कुल १२१ जना उम्मेदवार मैदानमा उत्रिएका छन्। कोशी प्रदेशबाट मात्रै ११ जना उम्मेदवार रहेको उनले जानकारी दिए।

"मेरो उम्मेदवारी सुशासन, अनुशासित र सुसंस्कृत राज्य व्यवस्थाका लागि हो," उनले भने। आफू राजनीतिमा नयाँ भए पनि इमान्दारिता, निष्ठा र देशप्रतिको प्रतिबद्धतामा कुनै सम्झौता नहुने उनको दाबी छ। विगत ३५ वर्ष भारतीय लाहुरेका रूपमा सेवा गरेको अनुभव सुनाउँदै उनले अनुशासन, जवाफदेहिता र सामाजिक दायित्व राजनीति सफल बनाउन अपरिहार्य भएको बताए।

कार्यक्रममा पार्टीका पदमबहादुर तामाङ, रमेश तामाङ तथा प्रदेश सदस्य शर्मिला आङदम्बेलगायतको उपस्थिति थियो। पत्रकारका जिज्ञासामा बेघाले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाउँदै फागुन ४ गतेदेखि घोषणापत्रसहित घरदैलो अभियान सुरु गर्ने जानकारी दिए।

युवा नेतृत्वको क्षमतामाथि उठ्ने प्रश्नबारे उनले भने, "समय बदलिएको छ, यो प्रविधिको युग हो। युवामा ऊर्जा र दक्षता दुवै छ। अग्रज पुस्ताको अनुभव र युवाको जोश मिल्दा मात्रै राजनीतिक अन्धकार हटाउन सकिन्छ।"

बेघाले झापाली मतदाताले परिवर्तनका लागि एकपटक उज्यालो नेपाल पार्टीलाई अवसर दिनेमा आफू विश्वस्त रहेको बताए।

# खेल पत्रकार राईलाई झापा गोल्डकपको सम्मान

बिर्तामोड, फागुन १ । झापाका अग्रज खेल पत्रकार रमेश समदर्शी



राईलाई सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको अवसरमा आयोजक समितिले शुक्रबार सम्मानसहित पुरस्कृत गरेको छ ।

झापाको डोमालाल राजवंशी रंगशालामा जारी झापा गोल्डकपको अवसरमा अग्रज पत्रकार समदर्शीलाई विशेषगरी खेल क्षेत्रलाई प्राथमिकतामा राखेर खेलाडी, प्रतियोगिता र खेल संरचनाको विकासका लागि पुऱ्याएको योगदानको कदर गर्दै नगदसहित सम्मान गरिएको हो ।

नेपाल खेलकुद पत्रकार मञ्च झापाका संस्थापक अध्यक्ष समदर्शीले खेल पत्रकारितालाई संस्थागत रुप दिन, खेलाडीलाई प्रोत्साहन गर्न तथा झापालाई खेल गतिविधिको केन्द्रका रुपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै आयोजकले कदरस्वरुप सम्मान गरिएको उल्लेख छ ।

अर्जुनधारा प्रेस क्लबका अध्यक्ष तथा न्युज सञ्जाल डटकमका सम्पादक समदर्शी गोल नेपाल डटकमका कोशी प्रदेश संयोजक पनि हुन् । तीन दशकदेखि पत्रकारितामा आवद्ध उनलाई आयोजकका अध्यक्ष केदार गिरी, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले सम्मान गरेका थिए ।

# बंगलादेशको निर्वाचनमा बीएनपीलाई दुई-तिहाई बहुमत

एजेन्सी । बंगलादेशको राजनीतिक परिदृश्यमा ठूलो फेरबदल आएको छ ।

सम्पन्न आम निर्वाचनमा पूर्वप्रधानमन्त्री बेगम खालिदा



जियाका छोरा एवं बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) का अध्यक्ष तारिक रहमानको नेतृत्वको पार्टीले भारी बहुमत प्राप्त गरेको हो । स्थानीय सञ्चारमाध्यमका अनुसार ३ सय संसदीय सिटमध्ये बीएनपीले हालसम्म २ सय ९ सिटमा विजय हासिल गरिसकेको छ । यो जितसँगै तारिक रहमान बंगलादेशको आगामी प्रधानमन्त्री बन्ने निश्चित भएको छ । देशको १२ करोड ७० लाख भन्दा बढी मतदाताहरूले बिहीबार उत्साहपूर्वक मतदान गरेका थिए । यो निर्वाचन केवल नयाँ सरकार छनोटका लागि मात्र नभई देशको भविष्य र संवैधानिक सुधारका लागि पनि महत्वपूर्ण मानिएको छ ।

निर्वाचनसँगै जुलाई राष्ट्रिय बडापत्र सम्बन्धी जनमत संग्रह पनि एकैसाथ आयोजना गरिएको थियो । जसले देशमा व्यापक संवैधानिक परिवर्तनको संकेत गरेको हो। यस पटकको निर्वाचनमा ५१ वटा राजनीतिक दलका १ हजार ९ सय ८१ उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका थिए । यद्यपि लामो समयसम्म सत्तामा रहेको शेख हसिना नेतृत्वको अवामी लिगलाई निर्वाचन आयोगले प्रतिबन्ध लगाएका कारण यस ऐतिहासिक प्रतिष्पर्धामा उनीहरूको उपस्थिति हुन नसकेको हो ।

सोही मतपरिणामले बंगलादेशमा नयाँ राजनीतिक युगको शुरुवात गरेको विश्लेषण गरिएको छ ।

# आईसीसी पुरूष टी-२० विश्वकप क्रिकेटमा यूएई विजयी

काठमाडौं । आईसीसी पुरुष टी-२० विश्वकप २०२६ को समूह चरणको खेलमा संयुक्त अरब इमिरेट्स (यूएई)ले क्यानडालाई ५ विकेटले पराजित गरेको छ। भारतको अरुण जेटली स्टेडियममा शुक्रबार साँझ सकिएको खेलमा यूएईले १ सय ५१ रनको लक्ष्य दुई बल अगाडि नै पूरा गरेको हो । क्यानडाले पहिले ब्याटिङ गर्दै ७ विकेटको क्षतिमा १ सय ५० रन बनायो। हर्ष थाकरले अर्धशतकसहित सबैभन्दा बढी



रन बनाएका थिए। जवाफमा यूएईले लक्ष्य पछ्याउँदा शुरूमै विकेट गुमाए पनि आर्यन शर्माले ७४ रन र सोहैब खानले ५१ रन बनाएर महत्वपूर्ण साझेदारी गरेका हुन्। यी दुईको ८४ रनको साझेदारीले यूएईलाई जिततर्फ धकेल्यो।

यूएईका लागि जुनैद सिद्दीकले बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै ३५ रन दिएर ५ विकेट झारेका थिए । जसले क्यानडाको शीर्ष ब्याटिङलाई दबाबमा पारेको थियो। यो जितसँगै यूएईले आफ्नो समूह चरणको प्रदर्शनलाई मजबुत बनाएको छ । अर्कातिर क्यानडाका लागि यो निराशाजनक परिणाम बन्न पुग्यो ।

# विदेशी नम्बर प्लेटको गाडी सञ्चालनमा रोक लगाइने

झापा । फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै सर्लाहीमा एक सातासम्म विदेशी नम्बर प्लेटको गाडी सञ्चालनमा रोक लगाउने निर्णय गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मलङ्गवामा शुक्रबार सुरक्षा अधिकारीसहित भएको राजनीतिक दलको बैठकले फागुन १५ गतेदेखि २२ गतेसम्म विदेशी नम्बर प्लेटका दुई पाङ्ग्रे र चारपाङ्ग्रे लगायतका सवारी साधन सञ्चालन गर्न नदिने निर्णय गरेको हो । सो अवधिमा कसैले पनि विदेशी नम्बर प्लेटका गाडी सञ्चालन गरेको पाइएमा सुरक्षामा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिनेछ ।

सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी एक हप्ता विदेशी नम्बर प्लेटको गाडी सञ्चालनमा प्रतिवन्ध लगाउने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ । सर्लाहीसहित मधेश क्षेत्रमा भारतीय नम्बर प्लेटको मोटरसाइकल, स्कोरपियोसहितको सवारी साधनको अत्यधिक प्रयोग हुनेगरेको छ ।



बैठकमा निर्वाचन आचारसंहिता, २०८२ जिल्लास्थित सबै राष्ट्रसेवक तथा राजनीतिक दलले इमान्दारितासाथ परिपालना गर्ने निर्णय भएको छ । त्यस्तै, बैठकमा जिल्लाको समग्र शान्ति सुरक्षा तथा समसामयिक विषयमा समिक्षा गर्नुका साथै प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवं शान्तिपूर्ण वातारणमा सम्पन्न गर्न सबै राजनीतिक दलले प्रशासनलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जानकारी दिए ।

प्रजिअ कडरियाका अनुसार जिल्लास्थित राजनीतिक दलको बैठकमा क्षेत्र नं. ४ स्थित बलरा नगरपालिका -१, मा रहेको कृषि सेड मिर्जा हथिऔल मतदान केन्द्रमा सुरक्षित भौतिक पूर्वाधार नभएकाले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी जिल्ला सुरक्षा समितिले वडाध्यक्षसहित सरोकारवालासँग छलफल गरी निर्णय गर्नेछ ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारी कडरिया, मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलिया र सुरक्षा निकायका प्रमुखसहित शुक्रबार नै बेग्लै बैठक गरेर निर्वाचन आचारसंहिता, २०८२ को पूर्ण पालना गराउन र निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवं भयमुक्त वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था चुस्त पार्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ ।

## प्रधानमन्त्री...

उनले मतपेटिका हेलिकोप्टरबाट ओसार्ने व्यवस्थाका लागि अनुरोध पनि गरे ।

अहिलेसम्म सुरक्षा अवस्था सामान्य रहेको, कुनै अप्रिय घटना नभएको र चारवटै सुरक्षा निकायबीच चुस्त समन्वय रहेका कारण आगामी दिनमा अझै सहज ढङ्गले निर्वाचन गतिविधि सम्पन्न गर्न सकिनेमा आफूहरू ढुक्क रहेको पनि उनले बताए ।

छलफलको समापनमा प्रधानमन्त्री कार्कीले यो निर्वाचन शान्ति, सुरक्षा, स्वच्छता र मितव्ययिता सबै कोणबाट भविष्यका लागि मानक बन्ने गरी काम गर्न निर्देशन दिइन् । प्रधानमन्त्री कार्की दुई दिने भ्रमण सकेर शुक्रवार नै काठमाडौं फर्किएकी छन् ।

# अर्जुनधारामा करणी गरेको आरोपमा वृद्ध पक्राउ

झापा, फागुन १ । झापाको अर्जुनधारामा करणी गरेको आरोपमा एक वृद्ध पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सुनसरी बराहक्षेत्र नगरपालिका ७ बस्ने



बर्ष ६४का प्रमानन्द पौडेल रहेका छन् ।

माघ २८ गते राति ९.३० बजे अर्जुनधारा ९ बाह्रघरेमा इलाम घर भई बिगत ६-७ महिनादेखि मामा घरमा बस्दै आएकी युवतीलाई पौडेलले करणी गरेको आरोप लागेको हो ।

प्रहरी चौकी शनिश्चरेमा पीडित पक्षले जानकारी गराएपछि प्रहरी टोली खटिएर पीडित र पीडकलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई अनुसन्धान गरी दुबैलाई स्वास्थ्य परीक्षणको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको प्रहरीले जनाएको छ ।

# भोक हड्ताल नगर्न भूतपूर्व गोर्खा सैनिकलाई आग्रह

एजेन्सी । बेलायत सरकारले भूतपूर्व गोर्खा सैनिकहरूलाई भोक हड्ताल नगर्न आग्रह गरेको छ ।

माग सम्बोधन गर्ने बारेमा छलफल चलिरहेको भन्दै सरकारले यस्तो आग्रह गरेको हो । ब्रिटिश गोर्खा संयुक्त संघर्ष समिति



यूके-नेपालले बेलायत सरकारलाई माग सम्बोधन नगरे आन्दोलन र भोक हड्ताल गर्ने चेतावनीसहित यसअघि अल्टिमेटमसहितको पत्र पठाएको थियो । सोही पत्रको जवाफमा रक्षा मन्त्रालयले प्रतिउत्तर पठाउँदै यस्तो प्रतिक्रिया जनाएको हो ।

गोर्खाहरूको सेवा र बलिदानप्रति उच्च सम्मान व्यक्त गर्दै मागहरू काननी तथा प्रशासनिक जटिलतासँग जोडिएकाले जिम्मेवारीपूर्वक अध्ययन भइरहेको र लन्डनमा रहेको नेपाली दूतावाससँग समन्वय गरी थप वार्ता अघि बढाइने बेलायत सरकारले जनाएको छ। गोर्खा सैनिकहरुले सन् १९४७ को त्रिपक्षीय सम्झौताको मर्मअनुसार पेन्सन लगायतमा पूर्ण समानता हुन नसकेको भन्दै न्यायपूर्ण समाधानको माग गर्दै आएका छन् ।

अहिले नेपाल-बेलायतबीचको त्रिपक्षीय वार्ता मुख्यतः पेन्सनकै विषयमा केन्द्रित छ । बेलायत सरकारले समाधान खोज्ने आश्वासन र संकेत देखाएको हो ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नेपाली निराश

**इङल्याण्डसंग भिडेर उपविजेता बनेको खेल संभिदै इटालीलाई नेपालले पक्कै जित्छ भनेर सबै नेपालीले सोचेका थिए । तर, त्यो आशा निराशामा बदलियो । फितलो ब्याटिङ गरेको नेपालले ट्वान्टी–२० विश्वकपको इटालीसँग १० विकेटले पराजित भएको छ । पहिलो पटक विश्वकपमा खेलिरहेको इटालीले एकतर्फी रुपमा नेपाललाई कुनै अवसर नै दिएन । मुम्बईको वानखडे रंगशालामा बिहीबार टस हारेपछि ब्याटिङको निम्तो पाएको नेपालले १९.३ ओभरमा १ सय २३ रनमा अलआउट भयो ।**

**मोस्का दाजुभाइ जस्टिन र एन्थोनीले आक्रामक ब्याटिङ गरेपछि इटालीले १२.४ ओभरमै लक्ष्य पूरा गऱ्यो । उनीहरुले नेपाली बलरलाई कुनै मौका नदिएपछि नेपाल ट्वान्टी–२० अन्तर्राष्ट्रियमा विकेटको हिसाबमा सबैभन्दा ठूलो हार स्विकार्न बाध्य भयो । पावर प्लेको पहिलो ६ ओभरमा बिना क्षति ६८ रन जोडेको इटालीले १० ओभरमा ९७ रन जोडेर विजयको औपचारिकतामात्र बाँकी राखेको थियो । जस्टिन ६० र एन्थोनी ६२ रन बनाई अविजित रहे । जस्टिनले ४४ बल खेल्दै ५ चौका र ३ छक्का तथा एन्थोनीले ३२ बल खेली ३ चौका र ६ छक्का प्रहार गरे । यसअघि हतारमा देखिएको नेपालको ब्याटिङ सुरुवात राम्रो हुन सकेन ।**

**ओपनर कुशल भुर्तेल दोस्रो ओभरमा १० बलमा ५ रन बनाई आउट भएपछि नेपालले सुरुवातदेखि दबाबमा खेलेको थियो । नेपाल टी– ट्वान्टी विश्वकप २०२६ को आफ्नो दोस्रो खेलमा इटालीसँग बिहीबार दस विकेटले हारेपछि निराश रह्यो । लगातार दोस्रो खेल हारेपछि नेपालको सुपर एट प्रवेशको सम्भावना कठिन र जटिल बनेको छ । नेपाल शून्य अंकमा समूह सी को अन्तिम स्थानमा छ । इंग्ल्यान्डविरुद्ध बहादुरीपूर्ण प्रदर्शन गरेको नेपालले इटालीविरुद्ध त्यसको कुनै पनि छनक देखाउन सकेन र सबै अर्थमा बिर्सनलायक हार बेहोऱ्यो । नेपाली क्रिकेट टीमको खेल सुधारिएको देखिन्छ । तर, यस पटक त्यो अबस्था रहेन । नेपाली खेलाडीहरुले टिकेर खेल्न सकिरहेका छैनन् । आत्तिने र हौसिने गर्दा कुनै पनि काम सफल बन्न सक्दैन । त्यसकारण आफूलाई अझ अभ्यस्त बनाऊ ।**




# विधिले बदलिएको कांग्रेस



• भुवन न्यौपाने

नेपाली कांग्रेस नेपालको राजनीतिक इतिहासका हरेक मोडको निर्णायक शक्ति हो । मुलुकमा नागरिक अधिकार, राजनीतिक चेतनाको विद्रोहदेखि लोकतान्त्रिक बहुदलीय व्यवस्था, जनआन्दोलन, शान्ति सम्झौता र संविधान निर्माणको नेतृत्वकर्ता हो कांग्रेस । भदौ २३ र २४ गतेको जेनजी विद्रोह स्वाभाविक तर अकल्पनीय थियो । विद्रोहको बीजारोपण हुनुको विभिन्न कारणमध्ये एक कांग्रेस पनि हो । युवा विद्रोहको उभारले कांग्रेसमा विधिवत् रूपान्तरणको ठुलै कम्पन सिर्जना भयो । जेनजी विद्रोहपछि सबैभन्दा धेरै परिपक्व, सन्तुलित, जिम्मेवार, परिष्कृत, रूपान्तरित र चलायमान राजनीतिक दल कांग्रेस नै देखिएको छ ।

कांग्रेसको विशेष महाधिवेशन केवल एक सङ्गठनात्मक, लोकतान्त्रिक र बहसको प्रक्रिया मात्र रहेन । यो पार्टीभित्र लामो समयदेखि सुषुप्त अवस्थामा रहेको वैचारिक द्वन्द्व, पुस्तागत असन्तोष र संस्थागत जडताको विरुद्ध उठेको विधिवत् विद्रोहको औपचारिक, सशक्त र विशेष मञ्च बन्यो । यही सन्दर्भमा गगन थापा र विश्वप्रकाश शर्माको राजनीतिक भावना, दर्बिलो साथ र अदम्य साहसले कांग्रेसभित्रको विद्रोहलाई अराजक नभई संवैधानिक, साङ्गठनिक र वैचारिक अनुशासनभित्रको रूपान्तरणको स्पष्ट सन्देश स्थापित गरेको छ । राजनीतिक दलको आन्तरिक लोकतन्त्र र भुइँ तहका महाधिवेशन प्रतिनिधिमा विधानले दिएको बल कति सर्वशक्तिमान हुने रहेछ भन्ने प्रमाणित विशेष महाधिवेशनले गरेको छ ।

विगतदेखि नै कांग्रेसले आन्तरिक र बाह्य राजनीतिक आरोह अवरोह सामना गर्दै आएको इतिहास छ । कांग्रेसको विधानमा उल्लिखित विधिवत् व्यवस्थाले नेपालको राजनीतिक विलखबन्दलाई लयमा ल्याउने सार्थक हस्तक्षेप गरेको छ । जसको नायकत्व बनेका छन्, गगन र विश्व प्रकाश । मुलुकको राजनीतिक निकासका लागि आममानिस, भुइँ तहका कांग्रेसका सच्चा कार्यकर्ता, महाधिवेशन प्रतिनिधि, कानुनविद्, राजनीतिक विश्लेषक, विद्वत्वर्ग, पत्रकार र शुभेच्छुक नागरिक समाजद्वारा कांग्रेसले महाधिवेशन गरेर चुनावमा नयाँ नेतृत्व र नीति लिएर जनसमक्ष जानु पर्छ भन्ने चाहना र सुझावले कांग्रेसको रूपान्तरणका लागि ठुलो बल पुगेको छ ।

कांग्रेसको इतिहासमा विशेष महाधिवेशन सधैँ नेतृत्व विस्थापित गर्न मात्र नभई सङ्कटको बेला सङ्गठनलाई नयाँ ऊर्जा दिन विशेष अस्त्रसमेत बनेको छ । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहितको परिणाम अहिले नीति र नेतृत्व परिवर्तनमा परिणत भएको छ । पार्टी रूपान्तरण र देशको सङ्कटमोचन गर्ने आँट, अडान र आशा देखिएको छ । स्वच्छ, स्वस्थ्य र पारदर्शी रूपमा १६५ क्षेत्रमा नै टिकट वितरण भएको छ । कहीँ कतै पनि असन्तोष देखिएको छैन । पाकापुस्तादेखि युवापुस्ता, विज्ञदेखि योगदान गरेका महिला, मधेशी, मुस्लिम र जनजाति जस्ता समावेशी उम्मेदवारले कांग्रेसको खास रूपान्तरण देखिएको छ । कांग्रेसको पछिल्लो परिवर्तनले अन्य पार्टीमा पनि रूपान्तरणको आवाज उठाएको छ । नजिकिँदो चुनावी माहोललाई नयाँ ऊर्जा थपिदिएको छ । पार्टी, नेतृत्व, नीति, उम्मेदवार र एजेन्डामा बहस सुरु भएका छन् ।

पछिल्लो तीन दशक पार्टी र सरकारको नेतृत्वमा उस्तै अनुहारको रजगज थियो । एकातिर समयानुकूल जनअपेक्षाको सम्बोधन हुन सकेन भने अर्कातर्फ जनतामा निराशा बढ्दो थियो । मुलुकको राजनीति सीमित शीर्ष तहमा मात्र जमेर बसेको थियो । जेनजी विद्रोह भयो । जनधनको अकल्पनयि क्षति भयो । शीर्ष नेतृत्वले आत्मसमीक्षा गरेर राजीनामासमेत दिन चाहेनन् । एमालेले कर्मकाण्डी महाधिवेशन गऱ्यो । नेपाली कम्युनिस्ट पार्टी, रास्वपा जस्ता अन्य पार्टीले आफूहरूलाई रूपान्तरण गर्न चाहेनन् । नेतृत्वमाथि अनेक प्रश्न उठ्दा पनि मौन रहे । दलहरू आन्तरिक लोकतन्त्रबाट परिष्कृत हुनु पर्छ । चुनावमा आफ्नै नीति, सिद्धान्त र बलमा जनताबाट अनुमोदन हुनु पर्छ । कुनै गठबन्धन, साँठगाँठ र सम्झौताबाट जनतालाई प्रभावित र प्रलोभन पारेर राजनीतिक संस्कारलाई नै सङ्कटमा पार्नु हुँदैन भन्ने सशक्त सन्देश कांग्रेसको नीतिले दिएको छ ।

कांग्रेसका नवनिर्वाचित सभापति गगनले कांग्रेस बदलेर आएको भन्दै देश बदल्ने सङ्कल्प गर्नुभएको छ । यसले बदलिएको कांग्रेसको सन्देश प्रवाह गरेको छ । विशेष महाधिवेशनमा गगनले उठाएको मुख्य प्रश्न नेतृत्वको उत्तरदायित्व, कार्यसम्पादन र समयानुकूल निर्णय क्षमतासँग जोडिएको थियो । उहाँले सत्ता साझेदारी, सरकार सञ्चालन र नीति प्राथमिकतामा देखिएको अस्पष्टतालाई केवल कमजोरी नभई राजनीतिक सङ्कटको सङ्केतका रूपमा चित्रित गर्नुभएको छ । विश्वप्रकाशले त्यसलाई सङ्गठनात्मक धरातलमा जोड्दै कांग्रेसको कार्यशैली, जनतासँगको संवाद र नैतिक राजनीतिमा आएको क्षयमाथि स्पष्ट रूपमा प्रश्न उठाउनुभएको छ ।

कांग्रेसको रूपान्तरणले जेनजीसहितका नयाँपुस्तामा पनि आशा, ऊर्जा र भरोसा थपिदिएको छ । विधिवत् लोकतान्त्रिक हस्तक्षेपले युवापुस्तालाई थप हौसला दिएको छ । सुशासनमा प्रतिबद्धता र भ्रष्टाचारको निरुत्साहनले कांग्रेसलाई रक्षात्मक होइन परिष्कृत र अग्रगामी बनाएको छ । कांग्रेसभित्रको लोकतान्त्रिक विधि, राजनीतिक संस्कार, अन्तरपुस्ताको बहस, अग्रजको सम्मान, राजनीतिक योगदान र योग्यता, पार्टीको मूल्यमान्यता, सिद्धान्त, इतिहास वर्तमानको भरोसा र भविष्यको आशाले नयाँ पुस्तालाई पनि आकर्षण गरेको छ ।

देशको परिस्थिति भुलेर क्षणिक लोकप्रियतावादबाट देशको शासकीय व्यवस्था सुदृढ र दीर्घकालीन हुन सक्दैन । कांग्रेसको पछिल्लो रूपान्तरणले समाजका सबै शिरामा नयाँ ढङ्गको बहस सिर्जना भएको छ । लोकतन्त्र लयमा आउने विश्वास छ । राजनीतिक विश्लेषक तथा नेता राम कार्की भन्नुहुन्छ, "कांग्रेस आफ्नो चरित्रमा फर्किंदा कम्युनिस्ट पार्टी र 'पपुलिज्म' धारका वैकल्पिक शक्तिलाई पनि राजनीतिक लयमा ल्याउने नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ ।" विशेष महाधिवेशनबाट कांग्रेसले नयाँ नेतृत्व र नीतिमार्फत मुलुकको राजनीतिक निकासको स्पष्ट सन्देश दिएको छ ।

विशेष महाधिवेशनमार्फत केही महत्वपूर्ण शासकीय सुधारका विषय उठान भएका छन् । निर्वाचनपूर्वको गठबन्धन अन्त्य, दुई पटक प्रधानमन्त्रीको कार्यकाल, समयानुकूल संविधान संशोधन, कानुन निर्माणलाई तीव्रता, कार्यान्वयनमा प्रभावकारिता रहेका छन् । कांग्रेसमा आएको रूपान्तरणले बुद्धिजीवी, कर्मचारी र प्रबुद्ध व्यक्तिमा पनि नयाँ आशाको सञ्चार भएको छ । कांग्रेसको आन्तरिक लोकतन्त्र र मुलुकको राजनीतिक रूपान्तरणलाई नजिकबाट नियाल्दै आएको विद्वत्वर्गले मुलुकको शासकीय सुधारको अपेक्षा गरेका छन् । निर्वाचन र सत्ता सुधारका लागि गठबन्धनको अन्त्य, सांसद्, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिको कार्यकाल संविधानमा नै तोक्ने, प्राइमरी निर्वाचन, नो भोटको व्यवस्था, विदेशमा रहेका नागरिकलाई मतदान व्यवस्था गर्ने नयाँ प्रस्ताव छन् ।

सुशासनका लागि सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने । कुनै पनि सार्वजनिक पदको शपथ लिनुअघि सम्पत्ति विवरण सार्वजनिक अनिवार्य गर्नुपर्ने । भ्रष्टाचारको आरोप लाग्ना साथ नेता वा सदस्य स्वतः निलम्बन हुने पार्टीले कसैलाई पनि संरक्षण नगर्ने शून्य सहनशीलता अपनाउने । आन्तरिक सुशासन आयोग गठन गर्ने । सार्वजनिक सेवा सुधारमा सहजका लागि क्षतिपूर्तिसहितको सेवा सञ्चालन गर्ने । नागरिकता, कर जस्ता सेवा एकद्वार प्रणालीबाट डिजिटल प्रणालीमा लागु गर्ने । संवैधानिक निकाय र विश्वविद्यालयमा दलीय भागबन्डा हुने छैन । नियुक्ति योग्यताका आधारमा गरिने छ । पार्टीका सदस्य तथा पूर्वकर्मचारी अवकाशको दुई वर्षसम्म संवैधानिक नियुक्ति नपाउने प्रतिबद्धता छन् । जुन प्रतिबद्धता नागरिक तहबाटै अपेक्षित थिए ।

एक व्यक्ति जीवनमा एक पटक मात्र समानुपातिक सांसद् बन्न पाउने छन् । विभिन्न क्षेत्रका विज्ञलाई पार्टीमा सिधै ल्याउन 'ल्याटरल इन्ट्री' को व्यवस्था गरिने छ । समावेशिताका लागि 'सिङ्गल रोटेसन' निर्वाचन अवधारणा अघि बढाउने । आर्थिक नीतितर्फ आत्मनिर्भर अर्थतन्त्र रेमिट्यान्सको निर्भरतालाई हटाउँदै, उत्पादन, ऊर्जा र पर्यटनमा जोड दिने । विकासमा ढिलासुस्ती रोक्न सार्वजनिक खरिद कानुन फेरिने र प्रक्रियालाई पारदर्शी बनाउने विषयले शासकीय सुधारलाई सङ्केत गरेका छन् ।

कांग्रेसलाई 'इतिहासको पार्टी' होइन, 'भविष्यको पार्टी' बनाउन चाहन्छन् । नेतृत्व उत्तराधिकारी होइन, उत्तरदायी हुनु पर्छ । कांग्रेसको ऐतिहासिक दायित्व केवल सत्ता प्राप्ति होइन, लोकतन्त्रको रक्षा र समाजको रूपान्तरण हो । आज देश बेरोजगारी, भ्रष्टाचार, निराशा र वैदेशिक पलायनको सङ्कटमा छ । यस्ता बेला कांग्रेसभित्र नयाँ ऊर्जा, नयाँ दृष्टिकोण र नवीन कार्य आवश्यक छ । गगन-विश्वले ढकढकाएको ढोका एउटा व्यक्तिका लागि मात्रै नभई कांग्रेस र मुलुककै भविष्यका लागि खुल्ने ढोका हो ।

आमनागरिकले संविधानको समयानुकूल संशोधन र कार्यान्वयन, कानुन निर्माणलाई तीव्रता, सङ्घीयताको सुदृढ अभ्यास, सुशासन र समुन्नतिका लागि संस्थागत विकास साथै भूराजनीतिक सन्तुलनका लागि कांग्रेसमा दृष्टिकोणसहितको कुशल नेतृत्व गर्ने क्षमतामा सभापति गगन उभिनुभएको छ । आधुनिक समयानुकूल मुलुकको वास्तविक अवस्थालाई बुझेको र भावी दिनमा वैचारिक रूपमा प्रस्ट दृष्टिकोण, सामाजिक-आर्थिक रूपान्तरण, लोकतन्त्र र सामाजिक न्याय, कूटनीतिक परिपक्वता, राष्ट्रिय हित, भ्रष्टाचारविरुद्ध रही सुशासनको पक्ष र समुन्नतिको मार्गलाई नेतृत्व गरी आममानिसमा आशाको सञ्चार गराउन सक्ने कांग्रेसको कुशल नेतृत्व तयार रहेको सन्देश देखिन्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थालाई कुशलतापूर्वक नेतृत्व गर्ने मियो कांग्रेस नै तयार हुनु पर्छ । जेनजी विद्रोहपछिको संवैधानिक, राजनीतिक र आर्थिक सङ्कटमोचनका लागि कांग्रेसमा एकताको सन्देशसहित अग्रगामी नीति, योजना र कार्यक्रममा स्पष्टता खाँचो छ । मुलुकलाई युग सुहाउँदो नेतृत्व कांग्रेसले नै गर्न सक्छ भन्ने सङ्कल्प नै आजको मुख्य आवश्यकता हो र त्यो अन्य पार्टीमा भन्दा पनि कांग्रेसमा नै सम्भावना देखिन्छ । पार्टी रूपान्तरण गर्ने विधिवत् विद्रोह जस्तै अब मुलुक रूपान्तरण गर्ने जोखिम गगन-विश्वले जनताका मन, मत र साथबाट जितेर उठाउनु पर्छ ।

अन्त्यमा कांग्रेसको काँधमा देशको लोकतन्त्र, संविधान र व्यवस्था बचाउने अन्तिम आशा भनेकै नयाँ नेतृत्व, समयानुकूल नीति र जनताको मत हो । राजनीतिक निकास र स्थायित्वका लागि जनताले अब विवेक पुऱ्याउनुपर्ने समय आएको छ । अब कांग्रेसको नेतृत्व मुलुकको राजनीतिक रूपान्तरण योगदानमा मात्र होइन कि कार्यसम्पादनमा पनि उत्तिकै उच्चतम योग्यताका साथ अब्बल, अग्रणी र परिपक्व ढङ्गले उभिनुपर्ने आवश्यकता छ ।गोपबाट

# आश्वासनको बाँझो खेत



• रामप्रसाद पौडेल

नेपालको कृषि अर्थतन्त्र देशको मेरुदण्डको रूपमा मानिन्छ। कुल जनसंख्याको करिब दुई तिहाइ मानिसको जीविकोपार्जन कृषि क्षेत्रमा निर्भर भए पनि पछिल्ला सरकारी तथ्यांकले देखाउँछ कि कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा केवल २४-२५ प्रतिशत योगदान पुऱ्याइरहेको छ। दशकअघि करिब ३० प्रतिशत योगदान रहेको अवस्थामा आएको यो गिरावटले स्पष्ट देखाउँछ कि कृषि नीतिमा संरचनागत सुधार आवश्यक छ।

२०७४ र २०७९ सालका निर्वाचनमा अधिकांश दलले कृषि आधुनिकीकरण, मल-बीउको सहज आपूर्ति, सिँचाइ विस्तार र किसानको आय वृद्धि गर्ने प्रतिबद्धता जनाएका थिए। घोषणापत्रमा कृषि प्राथमिक क्षेत्रको रूपमा राखिए पनि कार्यान्वयन कमजोर रह्यो। सरकारी तथ्यांकअनुसार, उत्पादन वृद्धिदर औसतमा दुई/तीन प्रतिशतमा सीमित रहनु, सिँचाइ पहुँच कुल जमिनको आधाभन्दा कम हुनु र भण्डारण तथा प्रशोधन संरचना अपर्याप्त रहनु मुख्य चुनौती बनेका छन्। वामपन्थी दलहरूले सहकारी र सामूहिक खेतीमार्फत न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्ने वाचा गरेका थिए। केही स्थानमा सहकारी मोडेल लागू भए पनि सरकारी प्रतिवेदनले व्यवस्थापन कमजोरी, राजनीतिक हस्तक्षेप र बजारसँग कमजोर सम्बन्ध देखाएको छ। किसानले अपेक्षित मूल्य र स्थायित्व पाउन नसक्दा राज्यको भूमिका आलोचित रह्यो। पूर्ण राज्य नियन्त्रित बजार र वितरणले कहिलेकाहीँ ढुवानी र भण्डारणमा बोझ बढाएको देखिन्छ।

नयाँ र क्षेत्रीय दलहरूले कृषि उद्यमशीलता, प्रविधि प्रयोग, स्थानीय उत्पादनको ब्रान्डिङ र युवालक्षित कार्यक्रमलाई प्राथमिकता दिएका थिए। तर बजेट व्यवस्थापन, कानुनी संरचना र संघीय-प्रदेश-स्थानीय तहबीच जिम्मेवारी स्पष्ट नहुँदा ती अवधारणाहरू व्यवहारमा उतार्न चुनौतीपूर्ण देखिन्छ। सरकारी तथ्यांकअनुसार निजी लगानी न्यून रहनु, जोखिम बिमा अपर्याप्त रहनु र बजार सुनिश्चितता कमजोर रहनुले कृषिमा सुधारको गति सुस्त भएको छ। प्रजातान्त्रिक धार पक्रने दलले अघिल्लो निर्वाचनमा कृषि उत्पादनमात्र होइन, मूल्य शृंखलामा जोड दिएको थियो। उत्पादनसँगै भण्डारण, प्रशोधन, बजार र निर्यातलाई जोडेर किसानलाई कच्चा उत्पादकमात्र नभई उद्यमीको रूपमा विकास गर्ने नीति अघि सारेको देखिन्छ। सरकारी प्रतिवेदनमा उल्लेखित सिँचाइ विस्तार, कृषि सडक निर्माण, दुग्ध तथा तरकारी संकलन केन्द्र स्थापना र सहुलियत कृषि ऋण कार्यक्रमले सुधारको आधार तयार पारेको छ। खाद्य तथा कृषिवस्तु आयात उच्च रहनु अर्को गम्भीर चुनौती हो। धान, तेल, दाल, फलफूल र प्रशोधित खाद्यमा आयातमा निर्भरता बढ्नु अघिल्लो निर्वाचनका आत्मनिर्भरताका वाचा र घोषणासँग मेल खाँदैन। सबै दलले नीति दृष्टिमा आयात प्रतिस्थापनमात्र नारा होइन, उत्पादन लागत घटाउने, निजी क्षेत्र आकर्षित गर्ने र बजार सुनिश्चित गर्ने व्यावहारिक उपायमा केन्द्रित हुनुपर्ने देखिन्छ।

युवा पलायन कृषि नीतिसँग प्रत्यक्ष जोडिएको छ। सरकारी तथ्यांकअनुसार ग्रामीण युवा विदेशतर्फ पलायन भइरहेका छन्। अघिल्लो निर्वाचनका घोषणापत्रमा कृषिमार्फत रोजगारी सिर्जना गर्ने वाचा भए पनि कार्यान्वयन कमजोर रह्यो। प्रजातान्त्रिक पार्टीको वर्तमान दृष्टिमा कृषि उद्यम, सहुलियत ऋण, प्राविधिक तालिम र सुनिश्चित बजार संयोजनमार्फत मात्र युवा आकर्षित गर्न सकिने स्वीकारोक्ति देखिन्छ। यो दृष्टिकोण विगतका अनुभवबाट सिकेको संकेत हो। जलवायु परिवर्तनले कृषि उत्पादनमा प्रत्यक्ष असर पुऱ्याइरहेको सरकारी अध्ययनहरूले देखाएका छन्। असमय वर्षा, खडेरी र रोग-कीराले उत्पादन अस्थिर बनाएको छ। अघिल्लो निर्वाचनमा अधिकांश दलहरूले जलवायु अनुकूल कृषि वाचा गरेका थिए, तर कार्यान्वयन कमजोर रह्यो। प्रजातान्त्रिक नीति बहसमा भने कृषि बिमा, जोखिम व्यवस्थापन र अनुसन्धानमा जोड दिनु दीर्घकालीन सोचको संकेत हो। यो राहत-केन्द्रित नभई क्षति हुनुअघि तयारी गर्ने नीति हो।

संघीय संरचनामा कृषि नीति कार्यान्वयन चुनौतीपूर्ण बनेको छ। अघिल्लो निर्वाचनपछि संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका नहुँदा कार्यक्रम दोहोरिने वा अलपत्र पर्ने अवस्था देखियो। प्रजातान्त्रिक दृष्टिकोण संघीय संरचनाअनुसार भूमिका बाँडफाँट स्पष्ट गर्नेतर्फ उन्मुख देखिन्छ- स्थानीय तहलाई उत्पादन, प्रदेशलाई प्रशोधन र बजार समन्वय, संघलाई नीति र अन्तर्राष्ट्रिय व्यापारमा केन्द्रित गर्ने सोच अन्य दलको घोषणापत्रभन्दा व्यावहारिक छ।

सरकारी तथ्यांकले देखाउँछ कि सिँचाइ, भण्डारण र बजार पहुँच अझै सीमित छ। कुल खेतीयोग्य जमिनको करिब ४५ प्रतिशतमा मात्र नियमित सिँचाइ उपलब्ध छ। सरकारी प्रतिवेदनअनुसार, दुग्ध उत्पादन, तरकारी र फलफूलको प्रशोधन क्षमता कुल उत्पादनको ३० प्रतिशतमात्र छ। यसले उत्पादन वृद्धि भए पनि किसानलाई उचित मूल्य नपर्ने र बजार असुरक्षित हुने अवस्था देखाउँछ। चुनौतीलाई पूर्वाधार र निजी-राज्य साझेदारीमार्फत समाधान गर्ने प्रयास सबै दलको स्पष्ट हुनुपर्छ। आगामी निर्वाचनमा मतदाताले भावनात्मक भाषणभन्दा ठोस कार्ययोजना खोजिरहेका छन्।

सरकारी तथ्यांकले देखाएको यथार्थ र अघिल्ला घोषणापत्रको मूल्यांकन गर्दा, कृषि क्षेत्रको दिगो सुधारका लागि सुधारोन्मुख, व्यावहारिक र कार्यान्वयनयोग्य नीति आवश्यक छ। त्यसो त प्रजातान्त्रिक धार बोक्ने दलको नीतिसमेत पूर्ण नभए पनि अन्य दलको तुलनात्मक फरक देखिन्छ। कृषि नीति केवल राजनीतिक नारा होइन; यो राष्ट्रिय अर्थतन्त्रको आधार, किसानको जीवनस्तर र युवा रोजगारीको सुनिश्चितता हो। आगामी निर्वाचनले मात्र होइन, कार्यान्वयनले नै वास्तविक परिवर्तन ल्याउनेछ।

निष्कर्षमा, नेपालको अर्थतन्त्र कृषिमा आधारित छ। कुल गार्हस्थ्य उत्पादनमा योगदान घट्दो छ। फितलो कार्यान्वयन समस्या हो। संरचनागत सुधार आवश्यक छ। विगतमा जस्तै निर्वाचन नेपाली जनताको घरआँगनमा आइसकेको छ। विगत कोट्याउँदा राजनीतिक दलका वाचा अधुरा छन्। सिँचाइ, भण्डारण, बजार व्यवस्थापन अभाव छ। दलहरूको सोच व्यावहारिक देखिनु जरुरी छ। मूल्य शृंखला र उद्यमशीलता महत्त्वपूर्ण छन्। युवा पलायन रोक्नुपर्छ। जलवायु जोखिम न्यूनीकरण आवश्यक छ। सहुलियत ऋण र बिमाको व्यवस्था किसानको आवश्यकता हो। संघीय जिम्मेवारी बाँडफाँट पनि स्पष्ट हुनुपर्छ। चुनावमा दलहरूले ठोस कार्ययोजना देखाउनुपर्छ। कृषि बजारमुखी बनाउनुपर्छ। यही नै राष्ट्रिय समृद्धिको आधार हो।

अपूबाट

# चुनावको मुखमा पूर्वराजाको राजनीति !











## प्रधानमन्त्री कार्की पाथीभरामा

ताप्लेजुङ, फागुन १ । आगामी निर्वाचनको तयारी र हिमाली जिल्लाको वस्तुस्थिति बुझ्ने क्रममा प्रधानमन्त्री सुशीला कार्कीले शुक्रवार ताप्लेजुङको पाथीभरा र फुङलिङ क्षेत्रमा स्थानीय बासिन्दा तथा सरकारी अधिकारीसँग अन्तरक्रिया गरेकी छन् ।

बिहानै प्रसिद्ध तीर्थस्थल पाथीभराको दर्शनपछि प्रधानमन्त्री कार्कीले त्यहाँ भेला भएका स्थानीय तथा विभिन्न क्षेत्रका दर्शनार्थीसँग अन्तरक्रिया गरेकी हुन् । उनले भनिन्, "म यहाँ चुनाव सफल होस् भन्नका लागि आएकी हुँ । तपाईँहरू सबै जना मतदान गरिदिनुहोला । चुनावलाई शान्तिपूर्ण बनाउन आ-आफ्नो ठाउँबाट भूमिका खेलिदिनुहोला । यसपालिको चुनाव अरू नियमितजस्तो सामान्य चुनाव होइन । यो विशेष अवस्थामा



हुन लागेको चुनाव हो । यसले देशलाई निकास दिनुपर्छ । देशको भविष्य कोर्ने चुनाव हो यो ।"

उनले उपस्थित सर्वसाधारणका जिज्ञासाको जवाफ दिनुका साथै समूहमा तस्बिर पनि खिचाइन् । प्रधानमन्त्री कार्कीलाई पाथीभरा क्षेत्र विकास समितिका अध्यक्ष रक्की थेबे र पुजारी डिल्लीरमण पौडेललगायतले स्वागत गरेका थिए । शुक्रवार नै प्रधानमन्त्री कार्कीले ताप्लेजुङको सदरमुकाम फुङलिङमा सरकारी अधिकारीसँग छलफल गरेकी छन् ।

मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश विकास श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी शिवराज सेढाईं, नेपाली सेनाको दुर्गादल गुल्मका गुल्मपति सेनानी उमेश खड्का, ताप्लेजुङका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतम, सशस्त्र प्रहरी बल नेपाल नम्बर १ गुल्म हेडक्वार्टर कञ्चनजङ्घाका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक प्रमोदप्रकाश पाठकलगायतले निर्वाचन तयारी र सुरक्षा अवस्थाका बारेमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारी सेढाईंका अनुसार ९० हजार ३२७ मतदाता र एक मात्र निर्वाचन क्षेत्र रहेको ताप्लेजुङमा दुई अस्थायीसहित ८२ मतदानस्थल तोकिएको छ । यीमध्ये चारवटा मतदानस्थल भौगोलिक रूपमा विकट र हिमाली क्षेत्रमा रहेका छन् । अहिलेसम्म मौसम सामान्य रहेको र खासै प्रतिकूलता नरहेको भए पनि हिमपात भएमा मतदानका लागि कर्मचारी आवतजावत गर्न कठिन हुन सक्ने उनको भनाइ छ । साथै,

❖ बाँकी अन्तिम पृष्ठमा

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ